# बुढेसकालमा आँखा खुल्यो

भरतजङ्ग शाह
नेवा, मध्य तथा पश्चिमाञ्चल क्षेत्रीय कार्यालय,
भरतपुर, चितवन
आयोजनाका लागि आर्थिक सहयोग: सिभाभी, नेदरल्याण्ड्स



उमेरले ४५ वर्ष टेकिसकेका शम्सेर नेपालीलाई आफूले लेखपढ गर्न नपाएकोमा खासै पछुतो लाग्दैनथ्यो। गरीबका छोराछोरीलाई विद्यालय पठाउने चलन नै नभएको बेलामा जन्मे उनी। आफूजस्ता नपढेका कैयन् मानिस भएको समाजका सदस्य भएकाले उनले आफ्नो निरक्षरतालाई स्वाभाविक रुपमा नै लिएका थिए।

तर गोरखा जिल्लाको मुचोक गाविस वडा नम्बर ३ – ओलाङ गाउँका बासिन्दा उनी आफ्नो गाउँमा सञ्चालन भएको खानेपानी, स्वास्थ्यशिक्षा तथा सरसफाइ कार्यक्रम अन्तर्गत विभिन्न विषयहरुमा तालिम सञ्चालन हुन थालेपछि भने पहिलो पटक लेखपढ गर्न नपाएकोमा पछुताए। जिल्ला सदरमुकामबाट करिब चार कोष टाढा पश्चिम उत्तरमा दरौदी नदीको किनारामा रहेको यस गाउँमा खानेपानी आयोजना निर्माणका बेलामा आयोजना मर्मत सम्भार कार्यकर्ताका लागि पनि तालिम पनि सञ्चालन हुने भयो। तालिम पाएको खण्डमा आफूले मर्मत सम्भार कार्यकर्ताका रुपमा काम गर्न सक्छु भन्ने शमसेरलाई लाग्यो र उनले आफूलाई पनि उक्त तालिममा सहभागी गराउन खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका पदाधिकारीहरुसँग अनुरोध गरे। मर्मत सम्भार कार्यकर्ताले सामान्य नाप नक्साका कुरा बुझ्नु पर्ने भएकाले साक्षर भए राम्रो हुने कुरा आयो। आखिरमा शम्शेरको रहर देखेर उनलाई तालिममा सहभागी गराइयो। साक्षर साथीभाईको सहयोग लिएरै भएपनि सिकाएका कुरा जानेरै छाड्ने उनको धोको थियो।

तीन दिनको आधारभूत मर्मत सम्भार कार्यकर्ताको तालिममा बसेर सबै कुरा बुझ्न उनलाई निकै कठीन भयो तर पनि लेखपढ गर्ने साथीको सहयोगले उनले तालिम पूरा गरे। काम गर्ने बेलामा सेन्टिमिटर र इन्चको साटो औंला, फिटको साटो कुरेत, मिटरको साटो हात जस्ता मापकका परम्परागत विधिले नै काम गर्ने सुर गरे उनले।

तालिममा सिकेका कुराले शम्शेरका लागि कमाइको बाटो पनि खोलिदियो। उनले आयोजना अवधिभर महिनाको ३५ सय रुपैयाँ कमाइ पनि गरे। तीन दिनको तालिमले त यति आम्दानी गर्ने बाटो दियो भने केही वर्ष मात्रै भएपनि स्कूल धाउन सकेको भए त निकै सजिलो हुने रहेछ भन्ने उनले बुझे। सबैले आ-आफ्ना छोराछोरीलाई दु:ख सहेरै भएपनि स्कूल पठाउनु पर्ने धारणा राख्छन् उनी।

चैत्र २०६५